# पञ्चकन्या माई हाइड्रोपावर लिमिटेडको

## दोश्रो तथा तेश्रो (आ.व. २०७३/०७४ र २०७४/०७५ )वार्षिक साधारण सभाको

## काम कारवाही तथा निर्णयहरुको पुस्तिका

### १. पृष्ठभूमि

यस पञ्चकन्या माई हाइड्रोपावर लिमिटेडको कम्पनी ऐन २०६३ र कम्पनीको नियमावली बमोजिम कम्पनीको आ.व. २०७३/०७४ र आ.व. २०७४/०७५ को दोश्रो र तेश्रो वार्षिक साधारण सभा सञ्चालक समितिको अध्यक्ष श्री प्रेम बहादुर श्रेष्ठज्युको सभापतित्वमा तपसिलमा उल्लेखित मिति, समय र स्थानमाबसी देहायकाविषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णय भयो ।

**(क) सभाको मिति, स्थान र समय**

मिति : २०७६।०२।२०

स्थान : ल.पु.म.न.पा वडा नं.१०, कपुण्डोल, ललितपुर

समय : बिहान ११:०० बजे

**(ख) सभा सम्बन्धी सुचना र प्रकाशन**

यस कम्पनीको संचालक समितिको मिति २०७६ साल बैशाख १५ गते बसेको बैठकको निर्णयानुसार आयोजित यस कम्पनीको आ.व. २०७३/०७४ र आ.व. २०७४/०७५ को दोश्रो र तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सम्पुर्ण शेयरधनीहरुलाई जानकारीको लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा मिति २०७६ बैशाख २५ गते  बुधबार प्रथम पटक, मिति २०७६।१।२९ गते आईतबार "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा दोश्रो पटक र कम्पनीको उक्त वर्षहरुको संक्षिप्त आर्थिक विवरण तथा वार्षिक प्रतिवेदन कम्पनीको वेवसाईटमा राखिएको थियो ।

(ग)उपस्थिति

**संचालकहरु**

| | |
|---|---|
| १. श्री प्रेम बहादुर श्रेष्ठ | अध्यक्ष |
| २. श्री ध्रुव कुमार श्रेष्ठ | उपाध्यक्ष |
| ३. श्री सन्तोष कुमार प्रधान | कार्यकारी निर्देशक |
| ४. श्री प्रकाश विष्ट | कम्पनी सचिव |

**संस्थापक शेयरधनीहरु**

१. श्री प्रदिप कुमार श्रेष्ठ
२. श्री सावित्री देवी प्रधान
३. श्री उज्ज्वल कुमार श्रेष्ठ
४. श्री उदिप श्रेष्ठ
५. श्री ज्योतीश्रेष्ठ
६. श्री आशिक श्रेष्ठ

**विभिन्न निकायका पदाधिकारी/प्रतिनिधी**

| | |
|---|---|
| १. श्री विजय लाल श्रेष्ठ | श्री सनराइज क्यापिटल लिमिटेड |
| २. श्री विजेन्द्र न्हुछे प्रधान | श्री सनराइज क्यापिटल लिमिटेड |

**शेयरधनीहरुको उपस्थिति**

१. स्वयम् उपस्थित हुने शेयरधनीहरुको संख्या : २१०

(संस्थागत शेयरधनीहरुको प्रतिनिधि समेत)

२. प्रतिनिधि मार्फत उपस्थित हुने शेयरधहरुको संख्या :९८६

३. जम्मा उपस्थिति संख्या : ११९६

२. गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व

| विवरण | निष्काशित शेयर र शेयरधनी | स्वयं उपस्थित | प्रतिनिधिबाट उपस्थित | जम्मा उपस्थिति | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता संख्या | १,१०,००,००० | ८७,६१,८२७ | १,५०,०९२ | ८९,११,९१९ | ८१.०१% |
| शेयरधनी संख्या | १,०१,५०० | २१० | ९८६ | ११९६ | १.१७% |

## ३. सभाको बैधानिकता

कम्पनी ऐन, २०६३ को दफा ७३ (२) र यस कम्पनीको नियमावली अनुसार आजको यस साधारण सभामा उपस्थित गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५०% भन्दा बढी शेयरको प्रतिनिधत्व हुने गरी कुल शेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत उपस्थिती हुनु पर्ने प्रावधान बमोजिम यस कम्पनीको आजको साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा स्वंय उपस्थित ८७,६१,८२७ थान शेयरको शेयरधनी २१० जना शेयरधनी र प्रतिनिधि मार्फत उपस्थित १,५०,०९२ थान शेयरको ९८६ जना शेयरधनी प्रतिनिधि मार्फत जम्मा उपस्थित ८९,११,९१९ थान शेयरको ११९६ शेयरधनी गरी जम्मा कुल बाँडफाँड शेयर संख्याको ८१.०१% शेयरको प्रतिनिधित्व गर्दै शेयरधनी स्वयं वा प्रतिनिधि मार्फत उपस्थित भएको देखिएको हुँदा सभामा गणपुरक संख्या पुगेको देखिएको र रित पुर्वक सभा बोलाइएको हुँदा आजको यस सभालाई बैधानिकता घोषणा गर्दै अध्यक्ष ज्यूको आज्ञाले सभाको काम कारवाही अगाडी बढाउनकम्पनी सचिवलाई अनुमति दिनु भए बमोजिम सभा सञ्चालन गरियो ।

## ४. वार्षिक साधारण सभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरु

**क) सामान्य प्रस्तावहरु**

१. संचालक समितिको तर्फवाट अध्यक्ष द्वारा प्रस्तुत वार्षिक प्रतिवेदन माथि छलफल गरी स्वीकृत गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. २०७३/०७४ र २०७४/०७५ को वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरिक्षण समितिको सिफारिस अनुसार आ.व. ०७५/७६ को लागि लेखापरिक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. कम्पनीको सर्वसाधारण शेयरधनी (समुह ख) बाट प्रतिनिधित्व गर्ने एक जना संचालकको निर्वाचन गर्ने साथै संस्थापक शेयरधनीहरु (समुह क) बाट प्रतिनिधित्व गर्ने एक जना संचालकको निर्वाचन गर्ने ।

ख. विविध ।

**<u>छलफल तथा निर्णयहरु</u> :**

**<u>प्रस्ताव नं ४. (क) १</u>**

१. प्रस्ताव नं.४(क)(१) माथी छलफल हुँदासंचालक समितिको तर्फबाट अध्यक्ष ज्यू बाट प्रस्तुत हुनेकम्पनीको आ.व. २०७३/७४ र २०७४/७५ को वार्षिक प्रतिवेदन अध्यक्ष ज्युको आज्ञाले कार्यकारी निर्देशक सन्तोष कुमार प्रधानले प्रस्तुत गर्नु भयो । तत् पश्चात उक्त वार्षिक प्रतिवेदन र आ.व. २०७३/७४ र २०७४/७५ को वित्तिय विवरण उपर राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न शेयरधनीहरुलाई प्रस्ताव गरिएकोमा कम्पनीका शेयरधनीहरु शत्रुधन श्रेष्ठ, अमृतनाथ रेग्मी, राम गोपाल महर्जन, गुणराज भट्ट, ईश्वर बल्लभ घिमिरे, इन्द्रकृष्ण श्रेष्ठ, अमिर दास रन्जित, उत्तम दाहाल, उद्धव प्रसाद घिमिरे र शिव प्रसाद पौडेलले मन्तब्य,राय, प्रतिक्रिया, सुझाव र जिज्ञासाहरु राख्नु भयो ।जसको सारभुत भनाई निम्नअनुसार छन् ।

१. बिशुद्ध नेपालीहरुको ब्यापारिक समुह पञ्चकन्या द्वारा प्रवर्द्धित पञ्चकन्या माई हाईड्रोपावर लिमिटेडको शेयरधनी हुन पाएकोमा खुशी ब्यक्त गर्दै साधारण सभाको शुभकामना तथा कम्पनीको प्रगतीको कामना ब्यक्त गर्नु भयो ।

२. नेपाल विद्युत प्राधिकरण र कम्पनीको बिच भएको विद्युत खरिद बिक्री सम्झौताको मोडालिटी पुनरावलोकन गर्न सुझाव गर्नु भयो ।

३. Public Private Partnership को ५१%/४९% को शेयर अनुपात मोडालिटीमा सम्भव भए जान र नेपाल विद्युत प्राधिकरण सँग समन्वय गरी इनर्जी बैंकिङ्ग प्रणालिमा जान सुझाव दिनु भयो ।

४. प्रति मेगावाट लागत बारे पनि जिज्ञासा राख्दै वित्तिय खर्च कम वा नियन्त्रण तर्फ सोच्न सुझाव गर्नु भयो ।

५. नेपाल सरकारको आयकर ऐन २०५८ बमोजिम जल विद्युत आयोजनाहरुलाई पहिलो १० बर्ष पूरै आयकर छुट र थप ५ बर्ष सम्म ५० प्रतिशत आयकर छुट हुने भएकोले लेखा परिक्षण प्रतिवेदनमा विलम्बित करको प्रावधान राख्न आवश्यक नभएको सुझाव दिनु भयो ।

६. ३० (तीस) वर्ष पछि कम्पनीले संचालन गरेको आयोजना नेपाल सरकारलाई हस्तानतरण हुने भएकोले शेयरधनीहरुको हितलाई मध्यनजर गर्दै यस कम्पनीले नयाँ आयोजनाहरु पनि संचालन गर्नु पर्ने सुझाव दिनु भयो ।

७. आगामी वर्षहरुमा कम्पनीको वार्षिक साधारण सभासमयमै सम्पन्न गर्न सुझाव गर्नु भयो ।

८. नाफाको सुनिश्चतता गरी शेयरधनीहरुलाई लाभांश सुनिश्चत गर्न सुझाव गर्नु भयो ।

९. सुक्खा याममा नोक्सान कम गर्ने वा उत्पादन बढाउने तर्फ सोच्न सुझाव गर्नु भयो ।

१०. विद्युत उत्पादनको अनुमति प्राप्त गरी १८ मेगावाट क्षमताको २ वटा आयोजनाहरु निर्माण सम्पन्न भएता पनि १५ मेगावाट क्षमताको मात्र विद्युत खरिद बिक्री सम्झौता भएको हुनाले धुवाँखोलाको पानीलाई यसै आयोजनामा थप गरी ३ मेगावाट क्षमताका विद्युत उत्पादन बढाउनको लागि उक्त आयोजना निर्माणको लागि स्थानीय क्षेत्रको विकास कार्यमा सहभागी भई स्थानीय वासीहरु सँग समन्वय गरी निर्माण कार्य अगाडी बढाउन सुझाव दिनु भयो ।

शेयरधनीहरुवाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट कम्पनीका कार्यकारी निर्देशक सन्तोष कुमार प्रधानले प्रष्ट पार्नु भयो । तत् पश्चात कम्पनी सचिवले

संचालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन स्वीकृत गर्न सभा समक्ष प्रस्ताव गर्नु भयो र उक्त बार्षिक प्रतिवेदन आजको सभावाट सर्व सम्मतील स्वीकृत गरियो ।

**प्रस्ताव नं.४.(क) २**

प्रस्ताव नं. ४(क)(२) उपर छलफल गर्दा यस कम्पनीको लेखापरिक्षक श्री पि.पि. प्रधान एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्टले तयार पार्नु भएको लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. आ.व. २०७३/०७४ र २०७४/०७५ को वित्तिय विवरणहरुको प्रतिबेदन संचालक समितिले सभा समक्ष छलफल गरी स्वीकृनीको लागि प्रस्ताव गरेकोमा शेयरधनीहरुको सर्वसम्मतीवाट उक्त लेखापरिक्षकको प्रतिवेदनहरुलाई स्वीकृत गरियो ।

**प्रस्ताव नं.४.(क) ३**

यस कम्पनीको आ.व. २०७५/०७६ को वित्तिय विवरणको लेखापरिक्षण गर्न लेखापरिक्षण समितिद्वारा लेखापरिक्षण संस्था एन.ए.आर.एस एसोसियट्स चार्टर्ड एकाउण्टेन्टलाई कर बाहेक वार्षिक पारिश्रमिक रु. १,२५,०००।- दिने गरी सिफारिश गरिएकोमा उक्त सिफारिश भएका लेखापरिक्षक नियुक्त गर्न यस सभामा प्रस्ताव गरिएकोमा छलफल र विचार पश्चात्, सबै शेयरधनीहरुद्वारा सर्वसम्मत् रुपमा N.A.R.S Associates, Chartered Accountants लाईआ.व. २०७५/०७६ को लागि कम्पनीको लेखापरीक्षकमा नियुक्ति गरि निजको पारिश्रमिक कर मूल्य अभिबृद्घि बाहेक रु १,२५,०००/- ( एक लाख पच्चीस हजार रुपयाँ मात्र) निर्धारणगरी प्रस्ताव पारित गरियो ।

**प्रस्ताव नं. ४ (क) ४**

यस कम्पनीको संस्थापक शेयर धनी ( समुह क) को तर्फबाट बाँकी अवधि (पाँचौ वार्षिक साधारण सभा सम्म) रिक्त १ जना र सर्व साधारण शेयरधनी (समुह ख) बाट १ जना संचालकको ४ वर्ष अविधिको लागि निर्वाचन गर्न विश्वजय पुडासैनीलाई निर्वाचन अधिकृतको रुपमा नियुक्त गरेकोमा निर्वाचन प्रकृयामा संस्थापक शेयरधनी (समुह क) बाट उदिप श्रेष्ठ निर्विरोध निर्वाचित भएको र सर्व साधारण शेयरधनी (समुह ख) बाट श्री ज्ञानु गौतम र टिकाराम निरौलाको मात्र उमेदवार मनोनयन दर्ता भएको र सोमा कुनैपनि दावि विरोध नभएको हुँदा निर्वाचन प्रकृया अनुसार टिकाराम निरौला निर्वाचित हुनु भएको घोषणा निर्वाचन अधिकृतले गर्नु भयो र नवनिर्वाचित संचालकहरुलाई बधाई तथा शुभकामना प्रदान गरियो ।

साथैकम्पनीका उपाध्यक्ष ध्रुव कुमार श्रेष्ठ र पूर्व प्रबन्ध निर्देशक तथा संस्थापक शेयरधनी प्रदिप कुमार श्रेष्ठले सर्व साधारण शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासालाई सम्बोधन गर्न अगामी कदम चाल्ने र कम्पनीलाई नाफामा लान तर्फ सोच्ने भनि आफ्नो मन्तव्य राख्नु भयो । अन्त्यमा कम्पनीका अध्यक्ष प्रेम बहादुर श्रेष्ठले आयोजना सम्पन्न गर्न कम्पनीले भोग्नु परेको समस्या र कम्पनीको आर्थिक स्थिति बारे स्पष्ट पार्दै सभामा उपस्थित भई यस सभालाई रचनात्मक सुझावका साथै वार्षिक साधारण सभामा उल्लेख्य उपस्थित भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा उपस्थित सबैलाई अध्यक्षज्यूले धन्यबाद तथा कृतज्ञता  ज्ञापन गर्दै यस वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।